# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८३ साल बैशाख २४ गते विहिवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** मन्त्रालयहरूमा प्रदेश सचिव तथा केही निकायहरुका प्रमुख रिक्त पदमा जिम्मेवारी देहाय बमोजिम तोक्ने ।

| क्र. सं. | कर्मचारीको नामथर | सेवा/समुह/ उपसमुह | पद/तह/ श्रेणी | कार्यरत निकाय | कामकाजमा खटाउनु पर्ने निकाय |
|---|---|---|---|---|---|
| १. | श्री राम पराजुली (क.स.नं.१८६३१६) | नेपाल ईन्जिनियरिङ्ग सेवा/सिभिल/ जनरल | प्रदेश सचिव/ रा.प.प्रथम | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश। | भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश। |
| २. | श्री अनिल मरासिनी (क.स.नं.१७९५९४) | प्रदेश ईन्जिनियरिङ्ग सेवा | निर्देशक/ एघारौं तह | भौतिक पूर्वाधार विकास मन्त्रालयमा प्रदेश सचिवको रुपमा कामकाज गर्ने गरी जिम्मेवारी । | यातायात पूर्वाधार निर्देशनालय, लुम्बिनी प्रदेश। |
| ३. | श्री जानुका पण्डित (क.स.नं.१९३८३५) | नेपाल कृषि सेवा/एग्रि इकोनोमिक्स एण्ड मार्केटिङ्ग | प्रदेश सचिव/ रा.प.प्रथम | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश। |

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** इस्मा गाउँपालिका, गुल्मीको केन्द्र इस्मा गाउँपालिका वडा नं.०५ चाँपटारी कायम गर्ने सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालयः** आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट फुकुवा तथा निकासा रोक्का विषयको प्रस्ताव स्वीकृत गर्ने ।